# रोल्पा जिल्ला अदालत

लिवाङ, रोल्पा

फोनः०८६-४४०११६, ४४०२१३
फ्याक्सः ०८६-४४०२१३
E-Mail : ifnodcrolpa@dcourt.gov.n


प.सं. ०७६।०७८
च.नं. १४१

मितिः २०७६।०५।०४

विषयः समाजसेवी र बाल मनोविज्ञको नियुक्ति सम्बन्धमा।

श्री केन्द्रीय बाल न्याय समितिको सचिवालय,
श्रीमहल, पुल्चोक, ललितपुर।

उपर्युक्त सम्बन्धमा तहाँ सचिवालयको च.नं.३ मिति २०७६।०४।१५ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो।

तत्सम्बन्धमा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ बमोजिम बाल समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञको नियुक्ति प्रयोजनार्थ यस अदालतमा सूचीकृत हुन आह्वान गरी मिति २०७६।०४।३१ मा सार्वजनिक सूचना जारी गरिएको छ। उक्त सूचनाबमोजिम सूचीकृत हुन आउने योग्यता पुगेका व्यक्तिहरूमध्येबाट छनौट गरी नियुक्तिपत्र दिई सोको बारेमा निजहरूको योग्यता तथा तालिमसमेतका कागजातहरू सङ्लग्न गरी नियुक्तिको जानकारी तहाँ समितिमा गराइने व्यहोरा अनुरोध छ।

साथै हाल यस अदालतमा कार्यरत रहेका तालिम प्राप्त बाल समाजसेवी र बाल मनोविज्ञ क्रमशः यमप्रकाश बुढाले १२ कक्षा उत्तिर्ण गरी १ महिनाको तालिम र गोकर्ण पुनले स्नातक गरी २ महिनाको तालिम लिएको व्यहोरा अनुरोध गर्दै यस अदालतमा बालबालिका सम्बन्धी ऐन, २०७५ अन्तरगतको बाल इजलासले हेर्ने मुद्दाको चाप कम भएकोले एकजना बाल समाजसेवी र एकजना बाल मनोविज्ञ वा बाल विशेषज्ञ भए पुग्ने व्यहोरा जानकारीको लागि अनुरोध छ।

(कृतिबहादुर बस्नेत)
सेरेस्तेदार
२०७६।५।८

सेरेस्तेदार
शाखा अधिकृत